# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७७/०७८
च. न. ८४९

मिति : २०७७/७/२७

## प्रेश विज्ञप्ति

प्रमुख जिल्ला अधिकारी श्री श्रवण कुमार तिमिल्सिनाज्यूको संयोजकत्वमा जिल्ला स्थित नगरपालिका/गाँउपालिका प्रमुखहरु तथा स्थानीय राजनौतिक दलका प्रतिनिधिहरु समेतको सहभागितामा मिति २०७७/०७/२६ गते तिहार तथा छठ पर्वलाई व्यवस्थित रुपमा मनाउने सम्बन्धमा बसेको बैठकले चाडपर्वहरु व्यवस्थित रुपमा मनाउन तथा मनाउने सम्बन्धमा गरेको निर्णय तथा गाउँकार्यपालिकाको २०७७/०७/२७ को बैठकबाट समेत निम्न निर्णय गरेको हुँदा सम्बन्धीत सबैलाई जानकारी गराइन्छ ।

निर्णयहरुः

१. कोभिड-१९ को बढ्दो संक्रमणलाई मध्यनजर गर्दै आउदै गरेको शुभ-दिपावली, २०७७ (तिहार) मा जुवा-तास, डाइस, देउसी भैलो, नाचगान लगायतका भिडभाड हुने कुनै पनि कार्य नगर्न नगराउनु हुन ।
२. शान्ति सुरक्षालाई मध्यनजर गर्दै शुभ-दिपावलीको अवसरमा आतिशवाजि, भुइचम्पा र पटका पड्काउने लगायतका कार्यहरु नगर्न नगराउन सबैमा अनुरोध गर्ने आतिशवाजी, पटका, . भुइचम्पा लगायतका प्रज्वलनशिल पदार्थ पड्काउदा आगलागी लगायतका दुर्घटना भई ठुलो धनजनको क्षति हुन सक्ने भएको हुँदा त्यस्ता बस्तुहरुको आयात तथा बिकी वितरणमा पूर्ण रुपमा रोक लगाउने र त्यस्ता कार्य गर्ने व्यक्ति तथा समूहलाई कानून बमोजिम कारवाही गर्ने ।
३. कोभिड-१९ को बढ्दो संक्रमण दरलाई मध्यनजर गर्दै यस बर्षको छठ पर्व आ-आफ्नै घर आगनमा कुण्ड बनाई नित्य पुजाआजा गरि मनाउन सबैमा अनुरोध गर्ने । छठ पुजाको लागि खोला, ताल पोखरी, नदीमा गई स्नान गर्दा कोभिड-१९ को संक्रमण फैलिन सक्ने भएको हुँदा नदी, खोला, पोखरी, तालमा गई पण्डाल बनाई पुजाआजा गर्ने कार्यलाई यस बर्ष नगर्ने नगराउने ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ र सक्षम निजामति प्रशासनः समृद्धि र सुशासन"

"समृद्ध कमल हाम्रो सरोकार"

Email: info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०९९, ०२३-४७५०८१